# खण्ड ४

# वातावरणीय आन्दोलन

बिग्रँदो वातावरणबाट प्रत्यक्ष/अप्रत्यक्ष असर परेर वा सरोकारको भावनाले गर्दा वातावरण बचाउनको लागि विश्वमा विभिन्न आन्दोलनहरू भएका छन् । कतिपय सानो स्तरका र स्थानीय वातावरणीय आन्दोलनहरूको इतिहास धेरै लेखिएको छैन । तर प्रभाव छाड्न सफल कतिपय आन्दोलनहरूबारे प्रशस्तै लेखिएको छ ।

वातावरणीय आन्दोलनको इतिहास हेर्दा यी आन्दोलनहरू मुख्यतः दुई कारण-बाट शुरु भएको देखिन्छ । पहिलो, वातावरणीय प्रदूषणले गर्दा जनस्वास्थ्यमा सीधा असर परेर पीडित पक्षहरूले आफ्नो सुरक्षाको लागि गरेको आन्दोलन । यस्ता आन्दोलनहरू संसारभर छरिएका थिए र अझै पनि भई नै रहेका छन् । रासायनिक वा आणविक प्रदूषण, खानी उत्खनन्‌बाट पर्ने असर आदिको विरोध गर्न पीडित पक्षहरूले आन्दोलनहरू शुरु गरेका थिए ।

दोस्रो प्रकारका आन्दोलन प्रकृतिप्रतिको आस्था र दीर्घकालीन सोचाइले वातावरण जोगाउने कार्यमा प्रतिबद्धताको कारणबाट शुरु भएका छन् । यस्ता आन्दोलनहरूमा मुख्यतः वैज्ञानिक, दार्शनिक तथा साहित्यकारहरूको भूमिका छ । प्रकृतिलाई पृथ्वीको अभिन्न अङ्ग मानेर प्राकृतिक वातावरण र सौन्दर्यले मानिसको मानसिक र शारीरिक स्वास्थ्यमा पार्ने प्रभाव र मानिसको भविष्यका समस्याहरू समाधान गर्न प्रकृतिप्रदत्त

स्रोतको योगदानलाई ध्यान दिएर जैविक विविधता बचाउने उद्देश्यले यस्ता आन्दोलनहरू शुरु गरिएका थिए । ब्रिटेन, जर्मनी, संयुक्त राज्य अमेरिका आदि विकसित देशका वातावरणीय आन्दोलनहरूलाई यस श्रेणीमा राख्न सकिन्छ। विभिन्न देशका विकास तथा वातावरणीय कार्यक्रममा यी आन्दोलनहरूले पारेको प्रभाव अहिले पनि देख्न सकिन्छ । विशेष गरेर संयुक्त राज्य अमेरिकामा भएका संरक्षणमुखी अवधारणा र अभियानले विश्वभर प्रकृति जोगाउने प्रयास र तरिकामा ठूलो प्रभाव छाडेको देखिन्छ।

संयुक्त राज्य अमेरिकाका वातावरणीय आन्दोलनहरूलाई पनि दुई मुख्य सैद्धान्तिक खेमामा बाँडेर हेर्न सकिन्छ। एक प्रकारको आन्दोलनले प्रकृतिको मानवीय हितअनुकूल बढी उपयोग गर्नुपर्दछ भन्ने धारणा राख्छ। यो धारणा वातावरणवादको प्रचलित धारणा भन्दा फरक रूपमा आएको छ। अहिले पनि धेरै विश्वविद्यालयको पढाइ र व्यावहारिक कार्यक्रमहरूलाई यो सिद्धान्तले प्रभाव पारिरहेको छ । यसलाई उपयोगितावादी व्यावहारिक अवधारणा (utilitarian pragmatic approach) पनि भनिन्छ। यो अवधारणा-अनुसार प्राकृतिक स्रोतलाई मानिसको प्रयोगका लागि अधिकतम उपयोग गर्नुपर्दछ र मानवीय उपयोगको आधारमा नै वातावरण संरक्षण गर्नुपर्छ। वन विज्ञानमा धेरै प्रयोग हुने शब्द दिगो उत्पादन (sustained yield) पनि यही अवधारणाबाट आएको व्यवस्थापन प्रणाली (management system) हो । यसअनुसार कुनै पनि 'वन'लाई प्राकृतिक अवस्थामै छोड्नुभन्दा दिगो रूपमा वृद्धि भइरहने उत्पादनको लागि प्रयोगमा ल्याउनु पर्छ । दिगो उत्पादनको अवधारणा धेरै पहिले जर्मनीमा उद्भव भए पनि गिफोर्ड पिन्चोट (Gifford Pinchot) पछि नै उपयोगितावादी अवधारणाको रूपमा व्यापक विस्तार भयो ।

पश्चिमी विकसित देशहरूमा चलेको अर्को अवधारणाअनुसार प्रकृतिलाई प्राकृतिक अवस्थामै राख्नुपर्ने आवश्यकतामा जोड दिइएको छ। यसको शुरुआत संयुक्त राज्य अमेरिकामा जोन मुर (John Muir), अल्डो लियोपोल्ड (Aldo Leopold) तथा हेनरी डेभिड थोरे (Henry David Thoreau) जस्ता दार्शनिक/वैज्ञानिकहरूले व्यापक बनाएका थिए। यी विचारकहरूबीच प्रकृति जोगाउने तरिका र प्रयोगमा भिन्नता भए पनि प्रकृतिलाई मानिसको प्रभाव एकदमै न्यून रहने हिसावले प्राकृतिक अवस्थामा राख्नुपर्दछ भन्ने कुरामा मतैक्य देखिन्छ। यी दार्शनिकहरूको प्रयासबाट अमेरिकामा राष्ट्रिय निकुञ्ज स्थापना भयो- संसारकै पहिलो राष्ट्रिय निकुञ्ज यलोस्टोन नेशनल पार्कबाट । यसपछि नै अन्य देशमा पनि राष्ट्रिय निकुञ्ज स्थापनाको प्रचलन शुरु भयो (यसबारे खण्ड ६ मा थप चर्चा गरिएको छ) । यिनै व्यक्तिहरूको वैचारिक प्रभावबाट नै पश्चिमा देशहरूको वातावरणीय आन्दोलनले प्रकृतिलगायत सम्पूर्ण जीवात्माहरूको अधिकारलाई पनि अगाडि ल्याएको हो ।

विकसित देशहरूको वातावरणवादबाट के प्रष्ट हुन्छ भने वातावरणवाद फस्टाउन आर्थिक उन्नति आवश्यक पर्दछ। यही मान्यतालाई ध्यान दिएर वातावरण र गरिबी-सम्बन्धी विभिन्न सिद्धान्तहरू विकास भएका छन् (यसबारे थप चर्चा खण्ड १ मा गरिएको

छ) । प्रचलित मान्यतामा गरिबी भएको ठाउँमा वातावरण संरक्षण हुन सक्दैन भन्ने धारणा व्याप्त छ । गरिबहरू वातावरणवादी हुन सक्दैनन् पनि भनिएको छ । तर गरिब देशहरूको इतिहास र हालको परिस्थितिको विश्लेषण गऱ्यो भने 'गरिबहरूको वातावरणवाद' पनि हुन्छ भन्ने कुरा प्रष्ट देखिन्छ । यो भावना उनीहरूको वैचारिक सर्वेक्षणबाट मात्र नभई त्यहाँका सामाजिक-राजनीतिक द्वन्द्वहरूबाट पनि प्रष्ट हुन्छ । यस्ता द्वन्द्वहरू कहिलेकाहीँ त्यसमा भाग लिने कार्यकर्ताले नै वातावरणसँग सम्बन्धित भएको ठानेका हुन्छन् भने, कतिपय द्वन्द्वहरूलाई बाहिरी संसारले वातावरणवादको संज्ञा दिएका हुन्छन् । यस खण्डमा सम्मिलित धेरै लेखहरू गरिब क्षेत्रहरूमा भएका आन्दोलनसँग सम्बन्धित छन् । यी गरिब देश/क्षेत्रमा भएका आन्दोलनहरूको आफ्नै विशेषताहरू छन्:

- यी आन्दोलनहरू स्थानीय बासिन्दाले जीविकोपार्जनको आधार भएका आफ्ना स्थानीय स्रोतहरू प्रयोग गर्न नपाउने तर बाहिरी व्यापारीवर्गले प्रयोग गर्न सक्ने अवस्थाको विरोधमा गरिएका थिए । स्रोतहरूमाथि आफ्नो नियन्त्रण बढाएर, स्थानीय स्तरमै जीविकोपार्जनको आधार बलियो बनाउनु यी आन्दोलनको उद्देश्य देखिन्छ । भारतको चिपको आन्दोलन, झारखण्डको आन्दोलन, नाइजेरियाको ओगोनी जनताको आन्दोलन, ब्राजिलको रबर सङ्कलकको आन्दोलन आदि त्यसका उदाहरण हुन् ।
- यस्ता आन्दोलनहरूमा महिलाको भूमिका प्रष्ट देखिन्छ । परिवारको जीविकोपार्जनको जिम्मा महिलाको काँधमा भएको कारणबाट पनि यस्तो भएको हुनसक्छ ।
- यस्ता आन्दोलनले महिला र प्रकृतिको सम्बन्धबारे नयाँ दृष्टिकोणको विकास गरेको छ । त्यसलाई सामाजिक पर्यावरणीय नारीवाद (social ecofeminism) पनि भनिन्छ । यो अवधारणामा प्रकृतिसँग महिलाको विशेष सम्बन्ध हुने मान्यता राखिन्छ । पुरुषको बाहुल्यको साथै पश्चिमी ज्ञान/विज्ञानले गर्दा प्रकृति र महिलाको स्थितिमा ह्रास आएको र जैविक विविधता नष्ट भएको छ भन्ने मान्यता पर्यावरणीय महिलावादमा राखिन्छ ।

अहिले विकसित तथा विकासशील देशहरूमा सञ्चालित आन्दोलनहरूको उद्देश्य वातावरणीय क्षेत्रमा सामाजिक न्यायको स्थापना गर्नु रहेको छ । यो नै वातावरणीय न्याय हो । यो आन्दोलनले खासगरी वर्ण (color or race) को आधारमा वातावरणीय अन्यायको बोझ पीडित/अल्पसङ्ख्यक जातिमा पर्ने तथ्यलाई स्थापित गऱ्यो । यसलाई वातावरणीय वर्णवाद (environmental racism) भनियो । यो वास्तवमा वातावरणवाद भन्दा नागरिक अधिकार आन्दोलनको रूपमा विकसित भएको अवधारणा हो । यसको विस्तृत विश्लेषण पहिलो खण्डका लेखहरूमा पनि गरिएको छ । वातावरणीय न्यायको

आन्दोलनले वैज्ञानिक व्यवसायिकता (scientific professionalism) का आधारमा गरिने वातावरणसम्बन्धी व्याख्यालाई चुनौती दिन्छ र यस्तो व्याख्याले अन्याय सृजना गरिरहेको ठान्छ। यस्तै यो अवधारणामा वातावरणलाई आर्थिक मूल्याङ्कनले आँकलन गर्न नसकिने मान्यता राखिन्छ किनभने यसअनुसार स्वच्छ वातावरण मानव अधिकारको एउटा रूप हो। स्थानीय जनताको स्रोतसम्बन्धी हक, हित र अधिकारको सुरक्षा गरी उनीहरूको जीविकोपार्जनलाई सहयोग पुऱ्याउने उद्देश्य राख्ने गरिब देशहरूमा सञ्चालित आन्दोलनहरू पनि वातावरणीय न्यायका अर्का रूप हुन्।

यो खण्डमा सम्मिलित लेखहरूले माथि उल्लिखित विभिन्न आन्दोलनहरूको उदाहरण प्रस्तुत गर्दछन्। यी लेखहरूलाई खासगरी तीन समूहमा विभाजन गर्न सकिन्छ। पहिलो समूहका लेखहरूले विश्वभरका केही चर्चित वातावरणीय आन्दोलनहरूको छोटो विवरण र समीक्षा दिएको छ। यस समूहको पहिलो लेखले विकसित देशको आन्दोलनको उदाहरण दिएको छ भने अन्य लेखहरूले विकासशील देशका केही वातावरणीय आन्दोलनहरूबारे चर्चा गरेको छ। दोस्रो समूहको लेखले वातावरणीय आन्दोलनमा अग्रणी भूमिका खेलेका महिलाहरू र उनीहरूले आन्दोलन गर्नुपर्ने कारणहरू उल्लेख गरेको छ। महिलाहरू प्रकृति वा वातावरणप्रति किन सरोकार राख्छन्, उनीहरूको सरोकार पुरुषहरूभन्दा कम वा बढी के छ भन्ने विषय अहिलेसम्मको बहसकै विषयलाई सो लेखले सम्बोधन गरेको छ।

तेस्रो समूहमा पर्ने लेखहरूले बहुचर्चित आन्दोलनबाहेक नेपालको सन्दर्भमा घटेका आन्दोलनको वा आन्दोलनकारी भावनाको एउटा झलक दिन्छन्। यस्ता आन्दोलनहरू धेरै ठाउँमा घट्न सक्छन्, यद्यपि यिनीहरू जीविकोपार्जन सुरक्षा पूरा गर्नेतर्फ नै उन्मुख देखिन्छन्। यी आन्दोलनहरू वा विद्रोही भावनाहरू ठूलो द्वन्द्वको रूपमा नदेखिए तापनि कम सघन (low intensity) खालका द्वन्द्वको रूपमा लिन सकिन्छ। साधारणतया राष्ट्रिय निकुञ्जको स्थापनाले गर्दा पीडित वा विस्थापित समाज (जसमा मुख्यतया आदिवासी, रैथाने समूह पर्छन्)ले यस्ता कम सघन खालका विद्रोहहरू देखाएका छन्। वास्तवमा यिनै विद्रोहहरूलाई 'कमजोर वर्गको हतियार' (weapon of the weak) को रूपमा पनि हेर्न सकिन्छ। यो खण्डको अन्तिममा कञ्चनपुर जिल्लास्थित शाही शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज विस्तारबाट उब्जिएको समस्याको समयक्रम अनुसारको छापा-रिपोर्टिङ समावेश गरिएको छ। यस्ता विवादहरू बढ्नुले वातावरणीय अन्याय बढ्दै गएको देखाउँछ जुन क्रमशः ठूला द्वन्द्वमा परिणत भएको उदाहरण अन्य क्षेत्रमा पनि देखिन्छ। अन्तिम लेखमा गोदावरी बचाउ आन्दोलनको आलोचनात्मक टिप्पणी गरिएको छ। ♦